**मन्त्रिपरिषद् विधेयक समितिका निर्णयहरू–**

**मिति २०७२।३।८**

१. मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन, २०५५ लाई संशोधन गर्न बनेको विधेयक व्यवस्थापिका संसदमा प्रस्तुत गर्न स्वीकृति दिने ।

२. नेपाल खुल्ला विश्वविद्यालयको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक व्यवस्थापिका-संसदमा पेश गर्न स्वीकृति दिने ।

**मिति २०७२।३।१४**

१. सशस्त्र प्रहरी नियमावली, २०७१ स्वीकृत गर्ने

**मिति २०७२।३।२३**

१. "सामाजिक सुरक्षा प्रदान गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७२" व्यवस्थापिका-संसद समक्ष प्रस्तुत गर्न स्वीकृति दिने ।

२. "खेलकुद पुरस्कार तथा सम्मान कार्यविधि, २०७२" स्वीकृत गर्ने ।

३. शान्ति कोष (सञ्चालन) (दोस्रो संशोधन) नियमावली, २०७२ स्वीकृत गर्ने।

**मिति २०७२।४।२४**

१. "भूमिगत जलस्रोतको संरक्षण तथा नियमन गर्ने सम्बन्धमा बनेको विधेयक" व्यवस्थापिका संसदको बैठकमा पेश गर्न स्वीकृति दिने ।

२. "सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापारलाई नियमन तथा नियन्त्रण गर्न वनेको विधेयक" व्यवस्थापिका संसदमा पेश गर्न स्वीकृत दिने ।

३. "मालपोत नियमावली, २०३६ लाई संशोधन गर्न बनेको मालपोत (छैठौं संशोधन) नियमावली, २०७२" स्वीकृत गर्ने ।

४. "बैंक तथा वित्तीय संस्था सम्बन्धी कानुनमा संशोधन र एकिकरण गर्न बनेको विधेयक, २०७२" व्यवस्थापिका-संसद समक्ष प्रस्तुत गर्न स्वीकृति दिने ।

द्रष्टव्य — निर्णयसँग सम्बन्धित अन्य थप विवरण आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ।